## आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

विशेष साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

१. **सभाको वैधानिकता** :

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभा यस कम्पनीको मिति २०८०/०२/३१ गते बसेको सञ्चालक समितिको १२३ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचन ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८० आषाढ १६ गते शनिवार (तदनुसार २०२३ जुलाई १)

स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोट ।

समय : बिहानको १०:०० बजे प्रारम्भ भई ११:४५ बजे समापन ।

३. **सभाको सूचना** :

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार विशेष साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनीहरुलाई मिति २०८०/०२/३२ गते र मिति २०८०/०३/०३ गतेको आर्थिक राष्ट्रिय दैनिक प्रत्रिकामा सूचना प्रकाशित गरिएको थियो । साथै विशेष साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रबन्ध मिलाईएको थियो ।

४. **छलफलका विषयहरु :**

(क) **विशेष प्रस्तावहरु :**

१. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने तथा संयुक्त प्राप्ति (एक्विजिशन) समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाही अनुमोदन गर्ने ।

२. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ति र दायित्व मूल्याङ्कनकर्ता **N. B. S. M. & Associates, Chartered Accountants** लाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने ।

३. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता **N. B. S. M. & Associates, Chartered Accountants** बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्याङ्कनप्रतिवेदन **(Due Diligence Audit Report)** को आधारमा निर्धारण गरिएको स्वाप अनुपातमा वर्तमान बजार मुल्य, संस्थाहरुको व्यवसायिक अवसर, शाखा सञ्जाल तथा भविष्यको बजार विस्तारको सम्भावना समेतका विषयहरुको आधारमा राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर प्रदान गर्ने (Share Swap Ratio 1:1) गरी राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने ।

४. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी अन्तिम सम्झौता पत्र **(Final Agreement Paper )** स्वीकृत गर्ने तथा प्राप्ति (एक्विजिशन)

आशा

आशा लघुवित वितीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

सम्बन्धी अन्य प्रक्रिया पुरा भएको हुँदा आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने । साथै साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै बाँकी भएतापनि प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुबै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भएपश्चात् साविक सञ्चालकहरुको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात् **राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड** को नामबाट एकीकृत कारोवार गर्ने तथा केन्द्रीय कार्यालय बनेपा न.पा.-१३, काभ्रेपलाञ्चोक रहने प्रस्ताव पारित गर्ने ।

६. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्तिम सम्झौता पत्र अनुसार वित्तीय संस्थाको ठेगाना, पुँजी संरचनामा तथा अधिकृत, जारी र चुक्ता पुँजी परिवर्तन हुने हुँदा सो बमोजिम हुने गरी प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

७. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पुँजी संरचना वा प्रबन्ध-पत्र नियमावलीको संशोधन सम्वन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ख) विविध ।**

**५. उपस्थिति :**

५.१ सञ्चालक समितिका सदस्यहरु जम्मा ६ जना ।

५.२ शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा ६४ जना ।

**५.३ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु :**

| | |
|---|---|
| १. श्री निर्गुण प्रसाद भट्टचन | - अध्यक्ष |
| २. श्री प्रदीप कुमार खड्का | - सञ्चालक |
| ३. श्री कविता पोखेल | - सञ्चालक |
| ४. श्री भावना बलायर | - सञ्चालक |
| ५. श्री अविनास सिलवाल | - सञ्चालक |
| ६. श्री दिलिप पौडेल | - स्वतन्त्र सञ्चालक |

**५.४ व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री बद्री प्रसाद दुलाल | - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| २. श्री बद्री प्रसाद अधिकारी | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री बिजेन्द्र चौधरी | - प्रमुख- कर्जा तथा सुचना प्रविधि विभाग |
| ४. श्री रबिन खतिवडा | - प्रमुख- जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग |
| ५. श्री दिपेन्द्र खनाल | - प्रमुख- मानव संसाधन, कार्य संचालन तथा सामान्य सेवा विभाग |
| ६. श्री प्रदिप श्रेष्ठ | - प्रमुख- योजना तथा वित्त विभाग |
| ७. श्री राजिव डंगौरा | - प्रमुख- आन्तरिक लेखापरीक्षण तथा अनुपालना विभाग |

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ...

५.५ **नियमनकारी निकायबाट भएको उपस्थिति :** नभएको

५.६ **प्रभु क्यापिटलको तर्फबाट भएको उपस्थिति :** श्री श्याम रावल

६. **गणपुरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपुरक संख्या) :

| उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरुको कुल संख्या : ४२,७७५ | शेयरधनीहरु<br>६४ जना (५ जना सञ्चालक समेत) स्वयं | |
| जम्मा शेयर संख्याः ३८ लाख १६ हजार १ सय ६० कित्ता | प्रोक्सी मार्फत उपस्थिति नभएको ।<br>जम्मा उपस्थिति ६४ जना २३,४३,०९४ कित्ता | ६१.४० प्रतिशत |

यस कम्पनीको विशेष साधारण सभा संचालन गर्नको लागि आवश्यक गणपुरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ३८ लाख १६ हजार १ सय ६० कित्तामा २३ लाख ४३ हजार ९४ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ४२,७७५ शेयरधनीहरु मध्ये ६४ जना शेयरधनीहरुको स्वयं उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयरधनीहरुको संख्या तथा शेयर कित्ता समेतको प्रतिनिधित्व भएको छ ।

७. **सभा संचालनको लागि वैधानिकताको यकिन** :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको विशेष साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ६४ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ६१.४० प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न वैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले विशेष साधारण सभाको कामकारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि बिहानको १०:०० बजे अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको विशेष साधारण सभा शुरु भयो ।

८. **विशेष साधारण सभाको प्रस्तुति :**

८.१. सभाका सभापति श्री निर्गुण प्रसाद भट्टचनज्यू तथा प्रमुख अतिथि संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूवाट संयुक्त रुपमा पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात सभाको काम कारवाही शुरु गरियो ।

८.२. संस्थाका कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै अध्यक्षज्यूको अनुमतिले विशेष साधारण सभाको कारवाही संचालन गर्नुभयो ।

८.३. अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट प्रस्तुत प्रतिवेदन विशेष साधारण सभा समक्ष पेश गर्नु भयो ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

९. **छलफलका लागि आह्वान** :

९.१. अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट प्रस्तुत प्रतिवेदन विशेष साधारण सभा समक्ष छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२. छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :

१. श्री चन्द्र नारायण श्रेष्ठ

२. श्री विवेक भट्ट

१०. **छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतिकरण :**

**१. श्री चन्द्र नारायण श्रेष्ठ :**

लघुवित्त वित्तीय संस्थामा खराव कर्जा वृद्धि भएको, ब्याज खर्च तथा कोषको लागतमा वृद्धि भएको तथा प्राप्ति ( Acquisition) यसै आ.व. भित्र सम्पन्न गर्न सुझाव सहित प्राप्ति (Acquisition) सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

**२. श्री विवेक भट्ट :**

शेयर स्वाप अनुपात सम्वन्धमा के-कस्तो भएको छ ? भन्ने विषयमा जिज्ञासा राख्नु भयो ।

११. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

विशेष साधारण सभाको प्रतिवेदन उपर वक्ता शेयरधनीहरुबाट औल्याईएको कमिकमजोरी तथा सुझाव उपर अध्यक्षज्यूले धन्यवाद दिँदै उक्त कमिकमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै संस्थाले प्राप्ति प्रश्चात मिति २०८०/०३/२८ गते कारोबार शुरु गर्ने मिति तय गरिएको समेत जानकारी गराउनुभयो ।

१२. **विशेष साधारण सभाको निर्णय** :

**(क) विशेष प्रस्तावहरुमा भएका निर्णयहरु :**

१. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्वन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने तथा संयुक्त प्राप्ति (एक्विजिशन) समितिले गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाही अनुमोदन गर्न अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्तावलाई यस सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि चल, अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति (एक्विजिशन) समितिबाट सम्पत्ति र दायित्व मूल्याङ्कनकर्ता N. B. S. M. & Associates, Chartered Accountants लाई गरेको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गरेकोमा सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने प्रस्तावलाई यस सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता N. B. S. M. & Associates, Chartered Accountants बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) को आधारमा निर्धारण गरिएको स्वाप अनुपातमा वर्तमान बजार मुल्य, संस्थाहरुको व्यवसायिक अवसर, शाखा सञ्जाल तथा भविष्यको बजार विस्तारको सम्भावना

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, कास्की-६ नुवाकोट

समेतका विषयहरुको आधारमा राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर बराबर आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको १०० कित्ता शेयर प्रदान गर्ने (Share Swap Ratio 1:1) गरी राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने प्रस्तावलाई यस सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्वन्धी अन्तिम सम्भौता पत्र (Final Agreement Paper ) स्वीकृत गर्ने तथा प्राप्ति (एक्विजिशन) सम्वन्धी अन्य प्रक्रिया पुरा भएको हुँदा आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति प्रदान गर्ने । साथै साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै बाँकी भएतापनि प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुबै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भएपश्चात् साविक सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने प्रस्तावलाई यस सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात् राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड को नामबाट एकीकृत कारोबार गर्ने तथा केन्द्रीय कार्यालय बनेपा न.पा.-१३, काभ्रेपलाञ्चोक रहने प्रस्ताव पारित गर्ने प्रस्तावलाई यस सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

६. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात प्राप्ति (एक्विजिशन) सम्बन्धी अन्तिम सम्भौता पत्र अनुसार वित्तीय संस्थाको ठेगाना, पुँजी संरचनामा तथा अधिकृत, जारी र चुक्ता पुँजी परिवर्तन हुने हुँदा तपसिल बमोजिमको तीन-महले बमोजिम प्रवन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्तावलाई यस सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

## प्रबन्ध-पत्रको संशोधित प्रावधानको तीन-महले

| दफा | साबिकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| दफा -१ | कम्पनीको नाम :<br>यस कम्पनीको नाम "आशा लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Asha Laghubitta Bittiya Sanstha Limited" भनिनेछ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्वोधन गरिने छ । | कम्पनीको नाम :<br>यस कम्पनीको नाम "राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Rastra Asha Laghubitta Bittiya Sanstha Limited" भनिनेछ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्वोधन गरिने छ । | आशा लघुवित्त वित्तीय संस्था लि.ले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गर्ने सहमती बमोजिम । |
| दफा-२ (१) | वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :<br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड ( केन्द्रीय) कार्यालय नुवाकोट जिल्ला ककनी गा.पा., वडा नं. ६ मा रहनेछ । | वित्तीय संस्थाको रजिष्टर्ड ( केन्द्रीय) कार्यालय रहने ठेगाना :<br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड ( केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा., वडा नं. १३, मा रहनेछ । | आशा लघुवित्त वित्तीय संस्था लि.ले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गर्ने सहमती बमोजिम । |

आशा
आशा लघुवित वितीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

| | | | |
|---|---|---|---|
| दफा - ६(क) | (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. ३८,१६,१६,०००/- (अक्षरेपि अठतिस करोड सोह्र लाख सोह्र हजार मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले ३८,१६,१६०/- (अठतिस लाख सोह्र हजार एक सय साठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (क) वित्तीय संस्थाको अधिकृत पुँजी रु. १,००,००,००,०००/- (अक्षरेपि एक अरब मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले १,००,००,०००/- (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आशा लघुवित्त वित्तीय संस्था लि.ले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गर्ने सहमती वमोजिम । |
| दफा - ६(ख) | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ३८,१६,१६,०००/- (अक्षरेपि अठतिस करोड सोह्र लाख सोह्र हजार मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले ३८,१६,१६०/- (अठतिस लाख सोह्र हजार एक सय साठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ६४,१६,१६,०००/- (अक्षरेपि चौसट्ठी करोड सोह्र लाख सोह्र हजार मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले ६४,१६,१६०/- ( चौसट्ठी लाख सोह्र हजार एक सय साठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |
| दफा - ६(ग) | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ३८,१६,१६,०००/- (अक्षरेपि अठतिस करोड सोह्र लाख सोह्र हजार) हुनेछ । | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ६४,१६,१६,०००/- (अक्षरेपि चौसट्ठी करोड सोह्र लाख सोह्र हजार) हुनेछ । | |
| ६(घ) | वित्तीय संस्थाले जारी पुँजीको ३२.४९७५८९१९९६१४३० प्रतिशतले हुने रु.६,७४,००,०००।- (छ करोड चौहत्तर लाख) साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ । | वित्तीय संस्थामा सर्वसाधारण शेयरधनी समूहको स्वामित्व जारी पुँजीको ३२.५७६४९४३५२ प्रतिशत हुनेछ । | आशा लघुवित्त वित्तीय संस्था लि.ले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गर्ने सहमती वमोजिम । |
| ६(ङ) | संस्थापक शेयरधनी समूहको स्वामित्व जारी पुँजीको ६७.५०२४१०८००३८५७० प्रतिशत हुनेछ । | संस्थापक शेयरधनी समूहको स्वामित्व जारी पुँजीको ६७.४२३५०५६४८ प्रतिशत हुनेछ । | आशा लघुवित्त वित्तीय संस्था लि.ले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गर्ने सहमती वमोजिम । |

## नियमावलीको संशोधित प्रावधानको तीन–महले

| नियम | साबिकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| नियम-१ | **कम्पनीको नाम :** यस कम्पनीको नाम "आशा लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Asha Laghubitta Bittiya Sanstha Limited" भनिनेछ । जसलाई यसपछि " वित्तीय संस्था" भनी सम्वोधन गरिने छ । | **कम्पनीको नाम :** यस कम्पनीको नाम "राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Rastra Asha Laghubitta Bittiya Sanstha Limited" भनिनेछ । जसलाई यसपछि " वित्तीय संस्था" भनी सम्वोधन गरिने छ । | आशा लघुवित्त वित्तीय संस्था लि.ले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गर्ने सहमती वमोजिम । |
| नियम-२ | **वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नुवाकोट जिल्ला ककनी गा.पा., वडा नं. ६ मा रहनेछ । राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | **वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा., वडा नं. १३, मा रहनेछ । राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | आशा लघुवित्त वित्तीय संस्था लि.ले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ति गर्ने सहमती वमोजिम । |

आशा
आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

७. आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पुँजी संरचना वा प्रबन्ध-पत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्तावलाई यस सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ख) विविध :**

प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूले संस्थाले प्राप्ति पश्चात सेवा विस्तारमा जोड दिनु पर्ने, खराव कर्जा घटाउनु पर्ने, ग्राहक सदस्यलाई टिकाई राख्न वित्तिय संस्थाले प्रदान गर्दै गरेको सेवा सुविधा तथा गुणस्तरीयतामा ध्यान दिनुपर्ने समय आएको सुझाव दिनुभयो । सञ्चालक समितिका अध्यक्षज्यू तथा यस सभाका सभापति श्री निर्गुण प्रसाद भट्टचनज्यूले श्री सुसन शेरचनज्यूले यस संस्थामा सञ्चालक रहँदा पुर्‍याउनु भएको योगदानको कदर गर्दै धन्यवाद प्रदान गर्नुभयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस विशेष साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागिताका साथै प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्नुभयो । वित्तीय संस्था संचालनमा महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक तथा व्यवस्थापन समूह लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गरियो ।

| | | |
|---|---|---|
| ........ | आशा | ........ |
| बद्री प्रसाद दुलाल | आशा लघुवित्त वित्तीय संस्था लि. | निर्गुण प्रसाद भट्टचन |
| कम्पनी सचिव | केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट | अध्यक्ष |
| संस्थाको छाप : | | मिति : २०८० आषाढ १६ गते शनिवार |